# जलेश्वर नगरपालिका नगरसभाको १८ औं अधिवेशन समुद्घाटन समारोहमा नगर प्रमुख श्री सुरेश साह सोनारद्वारा प्रस्तुत

## आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

**आदरणीय नगर सभाका सदस्य ज्युहरू**
**तथा उपस्थिति सम्पूर्ण महानुभावहरूमा**
**हार्दिक अभिवादन ।**

हामी नेपालीले संघिय शासन प्रणाली अवलम्बन गरे पश्चात स्थानीय सरकारको दोस्रो कार्यकालको पाँचौं वर्षमा प्रवेश गरिरहेका छौं । आज हामी यस जलेश्वर नगरपालिकाको नगरसभाको १८ औं अधिवेशनमा उपस्थित भएका छौं । स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १९ बमोजिम १८ औं अधिवेशनको यो गरिमामय सभामा सम्पूर्ण नगरसभा सदस्यहरूलाई हार्दिक स्वागत गर्न चाहन्छौं ।

स्थानीय तहको निर्वाचनबाट हामीहरुलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय जलेश्वर नगरवासी आमा, बुबा, दाजु भाई तथा दिदी बहिनीहरू सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र सुशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाइते, अपांग शहिद परिवारप्रति एवम विभिन्न आन्दोलनमा नेतृत्व गर्नहुने आदरणिय नेताहरुप्रति समेत उच्च सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संरचना अनुसार स्थापित जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकारको रुपमा जलेश्वर नगरपालिकाले सेवा प्रवाह, स्थानीय पूर्वाधारको विकास, सामाजिक समावेशिता, सामाजिक न्याय ,आर्थिक समृद्धि,सुशासन र जनउत्तरदायी शासनको सुनिश्चितताका लागि प्रतिबद्ध छौं ।

विगत आर्थिक वर्षमा नगरपालिकाले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, दिगो सहरीकरण र सूचना प्रविधिमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । यिनै उपलब्धिहरूलाई

आधार मानेर यस वर्षको नीति तथा कार्यक्रम, विकासका प्राथमिकता र आवश्यकता अनुरूप तय गरिएको छ ।

जलेश्वर नगरपालिका स्थापनाको सुरुवातदेखि नै समावेशी, दिगो र जनउत्तरदायी स्थानीय शासन निर्माण गर्ने दृढ सङ्कल्पका साथ अगाडि बढ्दै आएको हामी सबैलाई सर्वविदितै छ । स्थानीय तहको दोश्रो निर्वाचनको विगत चार वर्षमा नगरपालिकाका लागि संरचनात्मक विकास, सेवा प्रवाहमा सुधार, पूर्वाधार सुदृढीकरण र नागरिक सहभागिता अभिवृद्धिको दृष्टिकोणले महत्वपूर्ण रहेको छ । यस अवधिमा हामीले निर्वाचनमा आम नगरवासी समक्ष प्रस्तुत गरेको घोषणापत्र तथा प्रतिवद्धता अनुरुप आधारभूत स्वास्थ्य सेवा पहुँचमा वृद्धि, शैक्षिक गुणस्तर, गुणस्तरीय स्थानीय सडक सञ्जाल विस्तार, ढल तथा खानेपानी संरचनामा सुधार, वातावरण संरक्षण तथा डिजिटल प्रविधिको प्रयोगमार्फत सेवा सरलीकरण जस्ता उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन् । नागरिक सुनुवाइ, योजना सहभागिता र सेवा पारदर्शिता प्रवर्द्धन मार्फत उत्तरदायी शासनतर्फ सकारात्मक पाइला चालेका छौं ।

"पवित्र, सुन्दर, हरित, समृद्ध, जलेश्वर" भन्ने मूल मन्त्रका साथ हामीले आगामी आर्थिक वर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेका छौं । स्थानीय तहको रुपमा सेवा प्रवाह, पूर्वाधार विकास, शिक्षा स्वास्थ्य, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, महिला तथा युवा सशक्तीकरण र सुशासन हाम्रो प्राथमिकताका क्षेत्र रहेका छन् ।

विगत आर्थिक वर्षहरूमा हासिल उपलब्धिहरूलाई मजबुत बनाउँदै नगरवासीहरूको जीवनस्तरमा ठोस परिवर्तन ल्याउने उद्देश्यले यो नीति तथा कार्यक्रम तयार पारिएको छ । साथै, आर्थिक, सामाजिक, पूर्वाधार तथा प्राविधिक समृद्धिलाई समेट्ने गरी योजना निर्माण गर्ने हाम्रो ध्येय रहेको छ, जसमा सहभागितामूलक योजना निर्माण प्रक्रिया, पारदर्शिता र जनउत्तरदायित्व सुनिश्चित गरिनेछ ।

आगामी वर्ष नगरको विकास यात्रालाई थप प्रभावकारी बनाउँदै, स्मार्ट सिटीको अवधारणातर्फ अग्रसर हुँदै, वातावरणीय सन्तुलन तथा फोहोरमैला व्यवस्थापन र नवप्रवर्तनशील सोचका साथ अघि बढ्ने दृढ संकल्प यो नीति तथा कार्यक्रम मार्फत व्यक्त गर्दछु ।

आदरणीय सभा सदस्यज्यूहरु अब म चालु आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रम

१) जलेश्वर नगरपालिकाकाको अगामी आ.ब. २०८३/०८४ नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडी परेका समुदायहरु समेतलाई मध्यनजर गर्दै नगरवासीको सर्वोपरी हितलाई केन्द्रभागमा राखी तयार पारिएको छ ।

२) सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले जलेश्वर नगरपालिकाका कार्यालयमा कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ ।स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्धन गर्ने नीति मार्फत नगरपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । नगरका भौतिक तथा सामाजिक उत्थानमा योजनाहरु बनाउँदा वातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । नगर निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदारलाई संघ संस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभाभिमूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगानीको सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

३) जलेश्वर नगरपालिकाको नीति, योजना तथा कार्यक्रमहरु पहिचान गर्ने, नीतिगत निर्णय गर्ने, कानुनी प्रवन्ध गर्ने तथा कार्यान्वयनलाई प्रभावकारी रुपमा कार्यसम्पादन गर्न नगरसभा, नगरकार्यपालिका, प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिहरु, वडा अध्यक्षहरु, नगरकार्यपालिका सदस्यहरु तथा वडा सदस्यहरु, योजना आयोग, विज्ञ सल्लाहकारहरु र आवश्यकता अनुसारको कर्मचारी संयन्त्रबाट कार्य भई आएको व्यहोरा अवगत नै छ । नगरद्वारा सम्पादित कार्यहरुमा स्थानीय राजनीतिक दल, बुद्धिजिवी, स्वयंसेवी, नागरिक

समाज र आम संचारको भूमिका अझ महत्वपुर्ण रहेको छ । यी सबै पक्षलाई ध्यान दिई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४, विभिन्न विषयगत कानुनहरु, जलेश्वर नगरपालिकाको आ.ब. २०८२/०८३ को नीति तथा कार्यक्रम, नेपाल सरकारको नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकास लक्ष्य, क्षेत्रगत नीतिहरु र विभिन्न व्यक्तित्वहरुबाट प्राप्त सुझावहरु समेतलाई आत्मसाथ गरी आ.ब. २०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

४) नगरबाट सम्पादन हुने कार्यहरु समन्वय, सहकार्य, साझेदारी, सम्प्रेषण र अनुगमनलाई मूख्य आधार बनाई कार्यान्वयन गर्नका लागि जलेश्वर नगरपालिकाका विषयगत समितिहरुको भूमिकालाई प्रभावकारी बनाइनेछ ।

५) नगरपालिकाको आवश्यकता तथा नगरवासीको चाहनालाई आत्मसात गर्दै हरेक बर्ष कुनै न कुनै विकासका नयाँ अवधारणा ल्याइनेछ र त्यो बर्ष उक्त अवधारणालाई मूर्तरुप दिन बर्षभरी नै विशेष कार्यक्रमहरुको आयोजना गरिनेछ । आगामी आर्थिक बर्ष कृषि तथा पुर्वाधार विकासको वर्ष हुनेछ । जलेश्वर महादेव मन्दिर लगायतका सम्पदा सौन्दर्यकरण, कृषि क्षेत्रको विकास, सिंचाईको व्यवस्था तथा बजार सेड निर्माण, जलेश्वर नगरपालिकाभित्रका अन्य सार्वजनिक पूर्वाधारको निर्माण एवं गुणस्तरीयता अभिवृद्धि तथा प्रदुषण नियन्त्रणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

## <u>विषयगत नीतिहरु</u>

### क) सुशासन नीति

१) जलेश्वर नगरपालिकाको संगठन संरचनालाई पुनरावलोकन गरी सवै तहका कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको वैधानिक एवम वस्तुनिष्ट मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

२) जलेश्वर नगरपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई छिटो, छरितो सरल, सहज, स्वच्छ, पारदर्शी, सेवाग्राहीमैत्री र सुचना प्रविधि मैत्री बनाइनेछ । प्रशासनिक स्वच्छता र निश्पक्षता नगरपालिकाको ध्येय हुनेछ ।

३) जलेश्वर नगरपालिकाको महत्वपूर्ण जिम्मेवारीमा रहेका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गरी कर्मचारीको वृत्ति विकास, सुविधा र जिम्मेवारीलाई कार्यसम्पादनस्तर सँग आवद्ध गरिनेछ ।

४) नगरपालिकाको अफिसिल वेवसाईट अधयावधिक गरी समयमै सुचना तथा आवश्यक दस्तावेजहरु प्रकाशन गरिने छ ।

५) जलेश्वर नगरपालिकाका कर्मचारीहरु र जनप्रतिनिधिहरुको सुचना प्रविधि सम्बन्धीत क्षमता विकास गर्न तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

६) कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकासमा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी र उत्प्रेरित बनाइनेछ । विकासलाई जनतासँग आवद्ध गराई नगरको विकासमा जनताको हातेमालोलाई आत्मसात गरिनेछ ।

७) नगरपालिका कर्मचारी व्यवस्थापन सम्वन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

८) नगरपालिकाको अपराध नियन्त्रण र दुर्घटना न्यूनीकरण गर्न सीसी क्यामराको जडान तथा व्यवस्थापनको माध्यमबाट प्रविधिमैत्री सुरक्षा नीति नगरपालिका भित्र लागू गरिनेछ ।कार्यालय व्यवस्थापनलाई पारदर्शी बनाउनका लागि जलेश्वर नगरपालिकाको सबै कार्यालयमा सी.सी.टी.भी. जडान गरिनेछ ।

९) यस नगरपालिकालाई सुचना प्रविधिमैत्री पालिका निर्माण गर्नको लागि नेपाल सरकार एवम् निजी संस्थाहरु संग समन्वय र सहकार गरिनेछ ।

१०) यस नगरपालिकाको सबै वडा कार्यालय एवम स्वास्थ चौकीहरुमा ई-हाजरी जडान गरि सुशासन कायम गरिनेछ ।

११) अन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ ।

१२) जलेश्वर नगरपालिकाबाट हुने खरिद प्रक्रियालाई ई-बिडिङ्गमा आधारित गराईनेछ ।

१३) अगामी बर्षको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कार्य योजना निर्माण गरी लागु गरिनेछ

१४) त्रैमासिक रुपमा कार्यसम्पादन सूचकका आधारमा उत्कृष्ट वडा कार्यालय छनौट गरी पुरस्कृत गरिनेछ ।

१५) न्यायिक समितिका निर्णयलाई गुणात्मक अभिबृद्धि गर्ने समितिका सदस्य, समितिमा कार्यरत कर्मचारी एवं मेलमिलाप कर्ताहरुलाई न्याय सम्पादनका विधि पक्षहरु सम्बन्धी विषेश तालिम संचालन गरिनेछ ।

१६) पालिकाबाट जारी भएका ऐन, नीति, नियमावली, कार्यविधि एवं मापदण्डहरुमा समसामायिक परिमार्जन गरी लागु गरिनेछ ।

१७) राजनिती र प्रशासन विचको सम्बन्ध र सिमा स्पष्ट गरिनेछ । कार्यपालिका एवं सभालाई नीति, कानुन निर्माण, योजना तथा बजेट निर्माणमा केन्द्रित गरिनेछ भने प्रशासनलाई त्यसको मर्म र भावना अनुसार कार्यान्वयन गर्न केन्द्रित गरिनेछ ।प्रशासनिक कार्यहरुको अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषणका लागि कार्यपालिका एवं सभाका समितिहरुलाई क्रियासिल बनाईनेछ ।

१८) यस नगरपालिका अन्तर्गत कार्यरत रहेका कर्मचारीहरु मध्ये उत्कृष्ट कार्यसम्पादन भएका कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।

## ख) <u>आर्थिक तथा वित्त नीतिः</u>

१) जलेश्वर नगरपालिकालाई आर्थिक रुपमा सबल, सक्षम एवम आत्मनिर्भर बनाउन राजश्वका नयाँ स्रोतहरुको पहिचान, राजश्वको दायरा विस्तार एवम राजश्व प्रशासनलाई सुदृढ गरिनेछ ।

२) जलेश्वर नगरपालिकामा जनताहरुको सहजको लागि, करदाताहरुलाई कर तिर्न अभिप्रेरित गर्न आ.व.२०७९।०८० देखि आ.व.२०८१।०८२ सम्मको सम्पति कर, मालपोत कर, व्यवसाय कर, लगायत सम्पुर्ण कर २०८३ असोज मसान्त सम्म बुझाएमा करमा लाग्ने सम्पूर्ण जरिवाना रकम छुट गरिनेछ ।

३) जलेश्वर नगरपालिका भित्र बढ्दो ई-रिक्सालाई व्यवथापन गर्न एवम् करको दायरामा ल्याउनको लागि ई-रिक्सा सँचालन तथा व्यवस्थापन कार्यविधी निर्माण गरिनेछ।

४)	जलेश्वर नगरपालिकामा करदातालाई कर तिर्न अभिप्रेरित गर्न, कर सम्बन्धी शिक्षा प्रदान गर्न राजश्व शिविर एवम् सबैभन्दा बढी कर दाखिला गर्ने करदातालाई "उत्कृष्त करदाता"को रुपमा सम्मान गरिनेछ ।

५)	राजश्व सङकल्न तथा दाखिला गर्ने प्रणालीलाई नेपालको सुत्र सफ्टवेयर प्रणाली मार्फत नगरपालिकाको र सबै वडा कार्यालयहरुमा अनिवार्य रुपमा लागु गरिएको छ ।

६)	सार्वजनिक खर्चलाई व्यवस्थित बनाउन SUTRA, PAMS, C-GAS, EMIS, HMIS जस्ता प्रचलनमा भएको कम्प्यूटर प्रणालीहरुको प्रयोगमा दक्षता अभिवृद्धीको लागि कर्मचारीहरुको लागि आवश्यक क्षमता विकासको तालिम सन्चालन गरिनेछ ।

७)	बाँकी रहेको राजश्व बक्यौता संकलनका लागि विशेष अभियान संचालन गरिनेछ । सबै भन्दा बढी बक्यौता असुल गर्ने वडा कार्यालयलाई पुरस्कृत गरिनेछ ।

**ग) <u>भौत्तिक पूर्वाधार तथा संरचना विकासः</u>**

१)	दिगो नतिजामूलक विकासको लागि आवश्यक गुरुयोजना तयार गरी अगामी वर्ष आवधिक नगरविकास योजना, भू-उपयोग योजना एवं प्रकोप व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा जोड दिईने छ ।

२)	विकास निर्माणमा प्रयोग हुने निर्माण सामाग्री र कच्चा पदार्थ नगरस्तरीय मापदण्ड तोकी सोही बमोजिम मात्र प्रयोगमा ल्याई पूर्वाधार विकासको गुणस्तर कायम गरिने छ ।

३)	सडकको दुवैतर्फ वृक्षारोपण कार्य गरि “हरित सडक“ निर्माण गरिनेछ ।

४)	आकस्मीक मर्मत संभारको लागि मर्मत संभारकोषको व्यवस्थागरी संचालनमा ल्याईनेछ ।

५)	नगरमा संचालन हुने सबै आयोजना र कार्यक्रमहरु सम्भाव्यता स्थानिय आवश्यकता र प्राथमिकता एवं लाभान्वित वर्गको चाहना अनुरुप वातावरण मैत्री पूर्वाधार विकास हुने गरी विधि सम्मत प्रकृयाबाट संचालन गरिने छ

६)  सिचाईका मुहानहरु सुक्दै गएको र वर्तमान अवस्थामा कृषकहरुको हकहितलाई ध्यानमा राखी नगरभित्रका सिचाँई बाँध तथा पैनीहरुको मुहान संरक्षण, मर्मत संभार तथा सिचाई सुविधाको लागि सम्बन्धित निकायमा पहल गरिने छ ।

७)  नगरपालिकाको सोत साधनले सम्भव नहुने योजनाहरुलाई प्रदेश तथा केन्द्र स्तरका सम्बन्धित निकायमा योजना कार्यान्वयनका लागि सिफारिस गरी पठाईने छ ।

८)  नगरपालिकाको उपयुक्त स्थान छनौट गरी सवारी साधन पार्किङ्गको व्यवस्था अविलम्ब मिलाइनेछ।

## घ) महिला, बालबालिका तथा अन्य लक्षित समुह विकास :

१)  जलेश्वर नगरपालिकामा गरिव, विपन्न, पिछडिएका क्षेत्र तथा महिलाहरुलाई आत्मनिर्भर बनाउन आयमूलक तथा सिपमूलक क्षमता अभिबृध्दिका कार्यक्रमहरु सन्चालन गरि सशक्तिकरण गरिनेछ

२)  बालमैत्री स्थानिय शासनको अवधारणालाई संस्थागत विकास गर्ने नीतिलाई निरन्तरता दिएको छ ।

३)  बालिकाहरुको शिक्षाको हक कार्यान्यिन गर्न बालिका संरक्षण कोष स्थापना गरि कार्यान्वयन गरिने छ।

४)  जलेश्वर नगरपालिकालाई बालविवाहमुक्त नगरपालिका घोषणा गर्न थप प्रोत्साहन र क्षमता विकाशका कार्यक्रम संचालन गरिनेछ ।

५ )  महिला, बालबालिका आदिवास/ जनजाती, मधेशी, मुस्लिम, पिछडा वर्ग, दलित, भिन्न क्षमता भएका व्यक्ति, लैङ्गिक अल्प संख्यक जेष्ठ नागरिकहरुको सशक्तिकरण, क्षमता विकास तथा सिप विकासका लागि सिपमूलक, चेतना मूलक कार्यक्रमहरु संचालन गरिने छ ।

## ङ.) वातावरण संरक्षण, खानेपानी तथा सरसफाई:

१)  जलेश्वर नगरपालिकामा खानेपानी सुबिधा उपलब्ध गराउनको लागि एक घर एक धाराको कार्यक्रमको लागि संघीय सरकार, प्रदेश सरकार, जिल्ला स्थितको खानेपानी संस्थान संग समन्वय गरि अघि बढाइनेछ ।

२) खाली पर्ती जग्गा तथा सडकको दायाँ बाँया उपभोक्ता समुह, विद्यालय परिवार र नागरिक समाज मार्फत वृक्षारोपन कार्यक्रम संचालन गरी हरियाली प्रबर्द्धन गर्नुका साथै वातावरणमैत्री पालिका निर्माणका लागि आवश्यक पहल गरिने छ ।

३) जलेश्वर नगरभित्र बढ्दो फोहरमैला न्युनिकरण एवम व्यवस्थापनमा निजि क्षेत्र समेतलाई परिचालन गरी सार्वजानिक निजि साझेदारी (PPP ) मोडेलको अवधारणा अनुरुप कार्य गर्ने निति लिईने छ ।

४) सरसफाई सम्बन्धी बानी व्यहोरा परिवर्तन गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिने छ ।

**च) <u>शिक्षा तथा खेलकुद मनोरन्जनः</u>**

१) शिक्षकहरुको मनोबल उच्च गर्न शिक्षकहरुको समय सापेक्ष क्षमता विकास,प्रविधिमैत्रि शिक्षण सिकाईको प्रवर्ध्दन,नियमित अनुगमन एवम अतिरिक्त क्रियाकलापहरुको विस्तार तथा विधार्थी मुल्याङकन प्रणाली मार्फत शैक्षिक गुणस्तर अभिवृध्दी गरिनेछ ।

२) उत्कृष्ट नतिजा ल्याउने सामुदायिक विद्यालय एवं विद्यार्थीहरुलाई प्रोत्साहन गर्न विशेष पुरस्कारको व्यवस्था गरिनेछ । भने कमजोर नतिजा ल्याउने विद्यालय एवं विद्यार्थी पहिचान गरी नतिजा सुधारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

३) अगामी आ.ब. मा स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ । शैक्षिक क्षेत्रको विकासका लागि अलगै शिक्षा योजना तयार गरिनेछ ।

४) कक्षामा विद्यार्थीमा अनुपस्थिति तथा विद्यालय छाड्ने कारणको पहिचान गरी उपस्थिति एवं टिकाउ दरमा सुधार ल्याईनेछ ।

५) मातृभाषामा अध्यापन गराउने विद्यालय, मर्दसाहरुलाई प्रोत्साहन गरिनेछ ।

६) शिक्षा क्षेत्रको खसकिदो गुणस्तरलाई ध्यानमा राख्दै नगरका सबै शिक्षण संस्थाहरुको नियमित अनुगमन र नियमन गर्दै गुणस्तरीय शिक्षामा जोड दिईने कार्यलाई निरन्तरता दिइने छ।

७) नगरका सम्पूर्ण सामुदायिक विद्यालयमा अनिवार्य विधुतीय हाजिरीको व्यवस्था कार्यन्वयनमा ल्याईनेछ।

८) जलेश्वर नगरपालिका भित्रको सामुदायिक विधालयहरुमा शैक्षिक गुणस्तर अभिबृध्दि गर्न सामुदायिक विधालयमा ICT को विकास तथा विस्तार गर्न विधुतिय हाजरी, CCTV camera ,smart Board जडान र विकास गरिनेछ ।

९) राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने नगर क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हासिल गराउँन सहयोग पुर्याउने प्रशिक्षकज्यू हरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

१०) विद्यालयहरुको अतिरिक्त क्रियाकलाप अर्न्तगत खेलकुदलाई प्राथमिकता दिन प्रोत्साहन गरिनेछ । अन्तर विद्यालय, अन्तर वडा, अन्तर क्लवहरु विच खेलकुद प्रतियोगिता संचालन गरिनेछ ।

**छ) <u>स्वास्थ्यः</u>**

१) सरकारी तथा गैर सरकारी संघ संस्था ,निजि क्षेत्रहरुसंग समन्वय गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई प्रोत्साहन गरिनेछ ।

२) महिलाको प्रजन्न स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि मातृ तथा बाल स्वास्थ्य सेवालाई थप सुदृढ गर्न आवश्यक सेवा प्रदान गरिनेछ ।

३) सर्वसाधारणका लागि नेपाल सरकारले सरकारी स्वास्थ्य संस्थाहरु मार्फत निशुल्क उपलब्ध गराउने औषधी तथा अन्य सेवाहरु पारदर्शी रुपमा वितरणको पहल गरिने छ ।

४) स्वास्थय सेवामा नागरिकहरुको पहुँच स्थापित गर्न यस जलेश्वर नगरपालिकाबाट स्वास्थ्य शिविर ,जनचेतनामूलक कार्यक्रम ,सन्चालनलाई निरन्तरता दिईने छ ।

५) जलेश्वर नगर क्षेत्रवाट जनकपुर सम्म निःशुल्क एम्बुलेन्स सेवा संचालनलाई निरन्तरता दिइनेछ।

६) पालिका भित्रका बर्थिङ्ग सेन्टरहरु संचालनमा ल्याईनेछ । निर्माण सम्पन्न हुन बाँकी सेन्टरलाई अगामी बर्ष सम्पन्न गरी संचालनमा ल्याईने व्यवस्था मिलाईनेछ ।

**ज) <u>कृषि तथा पशु विकासः</u>**

१) जलेश्वर नगरभित्रको निर्वाहमुखि कृषी प्रणालीलाई आधुनिकीकरण,व्यवसायिकरण कृषि प्रणाली तर्फ उन्मुख गर्न आवश्यक पहल गरिने छ।

२)  जलवायु परिवर्तनको कारणले गर्दा देखापरेको सुख्खाको समस्या न्युनिकरण गर्न प्रत्येक वडाहरुमा डिप बोरिङ्ग जडान गरिनेछ ।

३)  कृषि उत्पादन वृध्दि गर्न आधुनिक प्रविधि र सिप विकाशमा जोड दिइनेछ ।

४)  जलेश्वर नगरपालिकाको हाट बजारलाई आधुनिक तथा व्यवस्थित बनाईनेछ ।.

५)  एक नगर एक उत्पादनको लागि जलेश्वरको पहिचानको रुपमा रहेको आँप खेती र माछा पालनलाई प्रोत्साहन गरिने छ ।

६)  कृषकका लागि समयमै मल तथा विउको सुनिश्चितताको लागि विशेष व्यवस्था गरिनेछ ।

**झ)  <u>विपद व्यवस्थापन, वन तथा भू-संरक्षणः</u>**

१)  विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद व्यवस्थापन कोषमा आवश्यक थप रकम विनियोजन गरी विपद व्यवस्थापनलाई प्रभावकारी बनाउने छ ।

२)  विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन विपद सम्बन्धि जनचेतना, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन गरिने छ ।

३)  नगर प्रहरीको समन्वयमा बरूणयन्त्रको परिचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाईने छ

४)  जलेश्वर नगरपालिकामा विपद जोखिम न्युनिकरण तथा विपद व्यवस्थापन गर्न प्रत्येक वडामा वडा विपद व्यवस्थापन समिति र नगरमा स्थानिय विपद व्यवस्थापन समितिलाई क्रियाशिल गरिनेछ।

५)  जलेश्वर नगरक्षेत्र भित्र विपद जोखिम क्षेत्रको नक्साङक्न तथा बस्तीहरुको पहिचान गरि स्थानान्तरणको लागि आवश्यक प्रक्रिया थालनी गरिनेछ ।

**ञ)  <u>सहकारी क्षेत्रको विकास,गरिबी न्युनीकरण र पर्यटन प्रवर्द्धनः</u>**

१)  जलेश्वर नगरपालिकामा गरिबी न्युनिकरणको लागि सिपमूलक तथा जनचेतनामुलक कार्यकमको प्रबर्ध्दनको लागि आवश्यक पहल गरिने छ ।

२) सहभागिताको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत सहकारी क्षेत्रको परिचय र विकाशको बारेमा सामाजिक परिचालन मार्फत सचेतिकरण कार्यक्रम संचालन गरिने छ ।

३) जलेश्वर नगरपालिकाको धरोहरको रुपमा रहेको जलेश्वर नाथ महादेव मन्दिर लगायत अन्य सबै मठ मन्दिरका साथै स्थानीय कला संस्कृतिको विकास र प्रवर्द्धन गरी जलेश्वरलाई धार्मिक पर्यटकीय गणतव्यको रुपमा विकास गरिनेछ।

४) जलेश्वर नगरपालिकालाई आकर्षणको केन्द्र बनाउन पोखरीहरूलाई सौन्दर्यीकरण गरी प्रत्येक वडामा एउटा नमूना पार्कको निर्माण गरिनेछ।

५) प्रत्येक महिनाको अन्तिम सोमबार जलेश्वरनाथ महादेव भगवानको प्रत्यक्ष दर्शन हुने कुराको प्रचार प्रसार गरी थप धर्मावलम्बीहरु आकर्षित गर्न प्रचार प्रसारमा जोड दिइनेछ ।

६) मुसलमान समुदायका चाडपर्वहरुको संरक्षण र सम्वर्धनका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । मस्जिद एवं मदरसाहरुको पुर्वाधार विकासमा जोड दिईनेछ ।

७) नगर क्षेत्र भित्र अन्य पर्यटकिय क्षेत्रको पहिचान गरी कार्य योजना सहित सम्बन्धित निकायमा वजेट व्यवस्थापनको लागि पहल गरिने छ ।

### ट) लागुपदार्थको दुर्व्यसन

जलेश्वर नगरपालिकामा लागू पदार्थको दुर्व्यसन नियन्त्रणको लागि निजि क्षेत्र, गैर सरकारी संस्था, नागरीक समाजको सहकार्यमा मनोपरामर्श केन्द्र तथा पुनस्थापना केन्द्र स्थापना एवम् जनचेतना प्रबर्ध्दन गरिनेछ।

वार्षिक नीति तथा कार्यक्रम अनुरुपको १८ (अठारह) औं नगरसभाको वस्ने दोस्रो सत्रमा देहाय बमोजिमको श्रोतको आधारमा वजेट विनियोजन गरि वजेट प्रस्तुतिकरण गरिनेछ ।

श्रोत:-

| क्र.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| **१) प्राप्त बजेट सिलिंग (अनुमानित)** | | | |
| **क) नेपाल सरकारबाट प्राप्त हुने अनुदान** | | | |
| १ | संघिय समानिकरण अनुदान | 152500000 | पन्ध्र करोड पचिस लाख |
| २ | संघिय सर्शत अनुदान | 354100000 | पैतिस करोड एकचालिस लाख |
| ३ | विशेष अनुदान | 5000000 | पचास लाख |
| ४ | संघिय राजश्व वाडफाँड | 124710000 | बाह्र करोड सैतालिस लाख दश हजार |
| | जम्मा | 636310000 | त्रिसठी करोड त्रिसठी लाख दश हजार |
| **ख) मधेश प्रदेश सरकारबाट प्राप्त हुने अनुदान** | | | |
| १ | वितिय समानिकरण अनुदान | 10736000 | एक करोड सात लाख छतिस हजार |
| २ | समपुरक अनुदान पुँजीगत | 0 | |
| ३ | प्रदेश सर्शत अनुदान | 6000000 | साठी लाख |
| ४ | विशेष अनुदान | 2000000 | बिस लाख |
| ५ | प्रदेश राजश्व बाँडफाँड | 15000000 | एक करोड पचास लाख |
| | जम्मा | 33736000 | तिन करोड सैतिस लाख छतिस हजार |
| **ग) अन्य ऋण/अनुदान** | | | |
| १ | नगर विकास कोषबाट ऋण | 0 | |
| २ | स्थानीय राजश्व बाँडफाँड तथा अन्य | 25000000 | दुई करोड पचास लाख |
| | जम्मा | 25000000 | दुई करोड पचास लाख |
| **घ) स्थानीय सरकार** | | | |
| १ | आन्तरिक स्रोत | 60000000 | छ करोड |
| २ | बैंक मौज्दात | 90000000 | नौं करोड |
| | जम्मा | 150000000 | पन्ध्र करोड |
| | कुल जम्मा | 845046000 | चौरासी करोड पचास लाख छियालिस हजार |
| **२) व्यय विवरण (अनुमानित)** | | | |
| १ | चालु खर्च | 633784500 | त्रिसठी करोड सैतिस लाख चौरासी हजार पाँच सय |
| २ | पुँजीगत खर्च | 211261500 | एकईस करोड बाह्र लाख एकसठी हजार पाँच सय |
| | कुल जम्मा | 845046000 | चौरासी करोड पचास लाख छियालिस हजार |

**नगरसभाका सदस्यहरू,**

अन्त्यमा, यस सार्वभौम नगरसभामा पेश भएको नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दै नगरवासीका आधारभूत आवश्यकता परिपूर्ति, रोजगारी श्रृजना एवं उद्यमशीलताको प्रवर्द्धन, समावेशी, दिगो तथा विकासमुखी शासन सञ्चालन गर्ने अभिप्रायका साथ यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिका पूर्ण रूपमा प्रतिबद्ध रहनेछ ।

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन/सहयोग तथा समन्वय गर्नु हुने संघ तथा प्रदेशका माननीयज्यूहरू, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा सदस्यहरू, वडाध्यक्ष/सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरू, सरोकारवाला पक्ष तथा नागरिक समाज, बुद्धिजिवी, नगरमा क्रियाशील राजनीतिक दल, निजि क्षेत्र, सञ्चार जगत तथा आम नगरवासीलाई यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सहकार्य र सहभागिताका लागि आह्वान गर्दै, सबैको योगदानप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौं ।

**धन्यवाद !**

मिति २०८३ साल असार २१ गते आइतवार

श्री सुरेश साह सोनार
(नगर प्रमुख)